का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ पुस २०८१,
शुक्रबार
3 January, 2025
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक ३१५ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# आफ्नै कामबाट असन्तुष्ट प्रधानमन्त्री !



यति मात्रै कामको गति पर्याप्त छैन । सरकारले अझ बढी "पुस" गरोस्, सरकारले अझ बढी गति देओस्, २ वटा दल मिलेर बनेको शक्तिशाली सरकार हो । त्यसले त्यहीअनुरूप नै प्रभावकारी ढंगले दिनुपर्छ

**केपी शर्मा ओली**
प्रधानमन्त्री तथा एमाले अध्यक्ष



सरकारको गति पर्याप्त भएन भन्दै गर्दा यो त आमरूपमै उठेको सवाल हो", शर्माले भने, "सरकारको गति बढाउनुपर्छ भन्ने कुरा हामीले भन्दै आएका छौं

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस



*ललितपुरमा बिहीबार बसेको एमाले स्थायी कमिटी बैठक । तस्बिर : प्रधानमन्त्रीको सचिवालय*

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १८ पुस ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले आफ्नै नेतृत्वको सरकारको कामको गति पर्याप्त नभएको निष्कर्ष निकालेको छ । एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको कामको गति पर्याप्त नभएको स्वीकार गरेका छन् ।

बिहीबार बसेको एमाले सचिवालय बैठकमा केन्द्रीय कमिटीमा छलफल हुने विषयवस्तु समेटेर तयार पारिएको अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदनमा सरकारको ६ महिनाको कामको समीक्षा गरिएको छ ।

एमालेको केन्द्रीय कमिटी बैठक २१ र २२ पुसमा बस्दै छ । बैठकका लागि ओलीले तयार पारेको राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'यति मात्रै कामको गति पर्याप्त छैन । सरकारले अझ बढी 'पुस' गरोस्, सरकारले अझ बढी गति देओस्, २ वटा दल मिलेर बनेको शक्तिशाली सरकार हो । त्यसले त्यहीअनुरूप नै प्रभावकारी ढंगले दिनुपर्छ ।'

नागरिकलाई सेवा प्रवाह, विकास निर्माण, अर्थतन्त्रलाई लयमा फर्काउन सरकारले अझ बढी ध्यान केन्द्रित गर्नुपर्ने ओलीले उल्लेख गरेका छन् ।

प्रतिवेदनमा सरकारको समीक्षा गर्दै आगामी दिनमा गर्नुपर्ने कामको योजना पनि बनाइएको छ । 'सरकार गठनयताको ६ महिनामा सरकारले केही महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ । तर, थुप्रै कामहरू गर्न अझै बाँकी रहेको हुनाले ती बाँकी कामहरूलाई छिटो सम्पन्न गर्न, अर्थतन्त्रलाई चलायमान बनाउन र अझ लयमा ल्याउने पाटोमा पृष्ठ २ मा

## रावलको आरोपको खण्डन

निष्कासनमा परेका नेता भीम रावलले पार्टी र अध्यक्ष ओलीमाथि लगाएको आरोपको एमालेले खण्डन गरेको छ ।

एमालेले रावलद्वारा सार्वजनिक ३१ पृष्ठको प्रश्न र आरोपलाई तत्कालीन नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'कै दस्तावेजको 'कपी पेस्ट'को संज्ञा दिएको छ । सचिवालय बैठकपछि उपमहासचिव ज्ञवालीले रावलले सार्वजनिक गरेको दस्तावेज सोही प्रकृतिको भएको टिप्पणी गरे ।

'२०७७ कात्तिकमा लगभग यिनै भाषामा प्रचण्डले तत्कालीन नेकपा अध्यक्ष केपी शर्मा ओलीलाई यस्तै खालको टिप्पणी गर्नुभएको थियो', ज्ञवालीले भने, 'सायद १९ पेजको थियो । एक हिसाबले यो त्यसकै कपी पेस्ट जस्तै हो ।'

उनले गालीगलौजले देश नबन्ने पनि बताए । ज्ञवालीले भने, 'रवि लामिछानेजी पनि गालीगलौजबाटै उदाएको हो । पृष्ठ २ मा

## 'डेपुटी कमान्डर'को प्रवेशले खैलाबैला

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १८ पुस ।



प्रमुख प्रतिपक्ष नेकपा (माओवादी केन्द्र)को स्थायी समिति बैठकमा पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ' उपस्थित भएका छन् ।

यसअघि पदाधिकारी बैठकमा मात्र उपस्थित हुने गरेका पुन बिहीबार बसेको स्थायी समिति बैठकमा सहभागी भएपछि धेरैले असहज महसुस गरेका थिए । स्थायी समितिको बैठकमा उनको उपस्थितिले उनी सक्रिय राजनीतिमा फर्किएको अड्कल लगाएको छ ।

२१ पुसदेखि सुरु हुने केन्द्रीय समिति बैठकको तयारीका लागि बिहीबार स्थायी समिति बैठक बसेको हो । १९ मंसिरमा गणतन्त्र सेनानी कोषले आयोजना गरेको कार्यक्रममा पुनले आफू सक्रिय राजनीतिमा आउन लागेको संकेत गरेका थिए ।

जनमुक्ति सेनाका डेपुटी कमान्डरसमेत रहेका पासाङले व्यवस्थाको रक्षाका लागि आफू फेरि 'रातो मान्छे' बनेर उभिन तयार रहेको बताएका थिए ।

पुन आफैंले पनि आफू सक्रिय राजनीतिमा आइसकेको र त्यसबारे द्विविधा नराख्न भन्दै आएका छन् ।

> माओवादीभित्र अहिले अध्यक्षको उत्तराधिकारी को भन्ने विषयमा विवाद छ । त्यसमा जनार्दन शर्मा, वर्षमान पुनलगायतका नेताहरूको दाबी छ । त्यसलाई रोक्नका लागि प्रचण्डले नै पुनलाई अघि सारेको अनुमान गरिएको छ

सक्रिय राजनीतिमा फर्किन 'वार्मअप' गरिरहेका पुनलाई माओवादी केन्द्रले उपाध्यक्ष बनाउने तयारी गरेको छ । अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले उनलाई सक्रिय राजनीतिमा ल्याएर उपमहासचिवद्वय वर्षमान पुन र जनार्दन शर्मालाई 'साइज'मा राख्न खोजेको पनि चर्चा चलिरहेको छ । अध्यक्ष प्रचण्डले नेत्रविक्रम चन्द 'विप्लव' पृष्ठ २ मा

## भ्रष्टाचार मुद्दामा हदम्यादको 'च्याप्टर क्लोज'



भ्रष्टाचारको अनुसन्धानमा कुनै हदम्याद रहँदैन । भ्रष्टाचारजन्य कार्यमा जहिलेसुकै अनुसन्धान् हुन सक्छ

**रमेश लेखक**
गृहमन्त्री

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १८ पुस ।

भ्रष्टाचारजन्य कार्यको अनुसन्धानमा समयसीमा नलाग्ने भएको छ । सरकारले भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गरेर भ्रष्टाचारको अनुसन्धानका लागि ५ वर्षे हदम्याद राख्न खोजेको थियो ।

तर, यस्तो प्रावधानलाई हटाएर बिहीबार संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक पारित गरेको हो ।

समितिको बैठकमा गृहमन्त्री रमेश लेखकले हदम्यादसम्बन्धी व्यवस्था नराख्न सरकार तयार रहेको बताए । पृष्ठ २ मा

### शक्तिशाली अख्तियार
### फोन ट्यापिङको अधिकार



अदालतको अनुमति लिएर टेलिफोन वा संचार माध्यमको विवरण प्राप्त गर्ने सक्ने भनिएको छ । यो समयाअनुकूल छ

**रामहरि खतिवडा**
सभापति, राज्य व्यवस्था समिति

राज्य व्यवस्था समितिबाट बिहीबार पारित विधेयक ऐनमा रूपान्तरित भएपछि अख्तियारले टेलिफोन ट्यापिङसम्मको अधिकार प्राप्त गर्ने छ । टेलिफोनमा पहुँचअन्तर्गत अख्तियारले अदालतको अनुमति पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## श्रम गन्तव्यमा स्वास्थ्य सहचारी पठाउन सिफारिस

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ पुस ।

वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या र उनीहरूलाई लाग्ने रोग निदानका लागि बेलाबेला स्वास्थ्य सहचारीको प्रसंग उठे पनि कार्यान्वयनमा पहल भएको छैन ।

डा. दीपेन्द्ररमण सिंहको अध्यक्षतामा ५ वर्षको अन्तरालमा गठन भएका २ वटा कार्यदलले फिलिपिन्स र भारतको उदाहरण दिँदै विदेशमा नेपाली कामदारको बढ्दो स्वास्थ्य समस्या समाधानका लागि श्रम गन्तव्यमा श्रम सहचारी जस्तै स्वास्थ्य सहचारी पठाउन सिफारिस गरेको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ अनुसार नेपाली कामदारको हित प्रवर्द्धनको जिम्मेवारी दिएर विदेशस्थित कूटनीतिक नियोगमा श्रम सहचारी पठाउने गरिएको छ । तर, अतिसंवेदनशील मानिने कामदारको स्वास्थ्य सुरक्षाका लागि कुनै प्रबन्ध गरिएको छैन ।

वैदेशिक रोजगार बोर्डले वीर अस्पतालका चिकित्सकहरू संलग्न गराई साप्ताहिक टेलिमेडिसिन सेवा संचालन गरेको बाहेक अन्य पहल भएको छैन । टेलिमेडिसिन सेवामार्फत चिकित्सकले रोगको लक्षणअनुसार औषधि सिफारिस गर्ने भए पनि बिरामी अवस्थामा रहेका कामदारले कार्यस्थलमा उपयुक्त औषधि पाउन कठिनाइ भएको बताइएको छ ।

स्वास्थ्य र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीहरूले विदेशमा रहेका नेपाली कामदारहरू उपयुक्त समयमा उपचार नपाएर मृत्यु भएको देखिएको भन्दै ५ वर्षअघि नै स्वास्थ्य सहचारीको आवश्यकता परेको श्रम मन्त्रालयलाई प्रतिवेदन दिएका हुन् । श्रम मन्त्रालयले गठन गरेको पछिल्लो कार्यदलले पनि स्वास्थ काउन्सिलर पठाउन सिफारिस गरेको छ ।

स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव दीपेन्द्ररमण सिंहको संयोजकत्वमा गठित कार्यदलले गत ११ मंसिरमा श्रममन्त्री शरत्सिंह भण्डारीलाई बुझाएको प्रतिवेदनमा स्वास्थ्य सहचारी राख्न दोहोर्‍याएर सुझाव दिइएको छ । पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१९ पुस २०८१ शुक्रबार
3 January 2025, Friday

# केन्द्रीय कमिटी बैठकको पूर्वसन्ध्यामा ओली–भण्डारी भेट

**काठमाडौं/मस–**प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबीच भेटवार्ता भएको छ । प्रधानमन्त्री ओली पूर्वराष्ट्रपति भण्डारीलाई भेट्न बिहीवार साँझ उनको निवास बुढानीलकण्ठ पुगेका थिए । उनीहरूबीच करिब दुई घण्टा छलफल भएको छ । पार्टीको पछिल्लो राजनीतिक गतिविधि र समसामयिक विषयमा छलफल भएको प्रधानमन्त्री सचिवालयले जनाएको छ । एमालेमा नेतृत्वको विकल्पको खोजी सुरु भइरहेका बेला प्रधानमन्त्री ओली र भण्डारीबीच भेटवार्ता भएको हो ।



पार्टी सदस्यता त्यागेर दुई कार्यकाल राष्ट्रपति भएकी भण्डारी पुनः सक्रिय राजनीतिमा फर्किने चर्चा छ । एमालेकै कतिपय नेताहरूले भण्डारी पुनः सक्रिय राजनीतिमा फर्किनुपर्ने बताइरहेका छन् ।

भण्डारी एमालेको नवौं महाधिवेशनमा उपाध्यक्ष बनेकी थिइन् । त्यसपछि उनलाई वर्तमान प्रधानमन्त्री ओलीले नै राष्ट्रपति बनाएका थिए ।

ओलीले पनि पार्टीको नेतृत्व फेरि आफैँले गर्ने संकेत दिँदै आएका छन् । यो पृष्ठभूमिमा ओली र भण्डारीबीचको भेटवार्तालाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

बिहीबार बसेको सचिवालय बैठकमा २१ पुसदेखि बस्ने केन्द्रीय समितिमा पेश गरिने अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदन पारित गरेपछि दुई जनाबीच भेटवार्ता भएको हो । ११ पुसमा पूर्वउपाध्यक्ष डा. भीम रावललाई निष्कासन तथा स्थायी कमिटी सदस्य डा.बिन्दा पाण्डे र केन्द्रीय कमिटी सदस्य उषाकिरण तिमल्सेनाको निलम्बनले ओली चर्को आलोचनामा परेका छन् ।

यी तीन नेताको कारबाही अहिलेको समयमा अनुचित हुने भण्डारीले आफूनिकटस्थसँग राखेकी छन् ।

## स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरण
# प्रहरीले बुझायो अनुसन्धान प्रतिवेदन

**काठमाडौं/मस–**प्रहरीले स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको रकम अपचलनबारे अनुसन्धान सकेर प्रतिवेदन बुझाएको छ । ४४ जनालाई प्रतिवादी कायम गरेर जिल्ला सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाइएको हो ।

प्रतिवेदनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसहित ४४ जनालाई प्रतिवादी कायम गर्न प्रहरीले राय दिएको छ । प्रहरीले उनीहरूमाथि १ अर्ब १९ करोड ४९ लाख २१ हजार २७० रुपैयाँ बिगो मागदाबी गर्न सरकारी वकिललाई राय दिएको छ ।

स्वर्णलक्ष्मी सहकारीको रकम अपचलनमा संलग्न आरोपीहरूमध्ये ५ जना थुनामा छन् । रवि लामिछाने र पूर्वडीआईजी जोशी जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा छन् । कोषाध्यक्ष कुमार रम्तेल कारागारमा छन् । कार्तिक २१ मा लेखा समिति सदस्य सुनिता नेवा र कार्तिक २६ मा ऋण उप-समिति सदस्य कमल लामा पक्राउ परेका थिए । अन्य प्रतिवादीहरूलाई प्रहरीले फरार सूचीमा राखेर अनुसन्धान प्रतिवेदन बुझाएको छ ।




बागमती प्रदेश संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयले अनुसन्धान गर्न भन्दै स्वर्णलक्ष्मीको अडिटसहितको रिपोर्ट २३ पुस २०८० मा जिल्ला प्रहरी परिसर काठमाडौंलाई पत्राचार गरेको थियो । सोही पत्रका आधारमा प्रहरी वृत्त कालिमाटीले अनुसन्धान सुरुवात गरेको थियो । पछि यो अनुसन्धान प्रहरी परिसर काठमाडौंले गर्‍यो ।

सूर्यदर्शन सहकारी प्रकरण : आजबाट प्रतिवादीतर्फको बहस

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा जाहेरवालाका तर्फको बहस सकिएको छ । कास्की जिल्ला अदालतमा बिहीबार जाहेरवालाका तर्फबाट ६ जना कानुन व्यवसायीले बहस गरेका हुन् । अब प्रतिवादीहरूका तर्फबाट कानुन व्यवसायीहरूको बहस आजबाट सुरु हुनेछ ।

सरकारी वकिलको तर्फबाट बुधबार बहस सकिएको थियो । प्रतिवादीका तर्फबाट बहस सकिएपछि पुनः सरकारी वकिलले जवाफी बहस गर्नेछन् ।

पीडित जाहेरवालाका कानुन व्यवसायीले रवि लामिछानेलगायतका अभियुक्त थुनामै राखेर मुद्दाको बाँकी कारबाही अघि बढाउन माग गरेका छन् ।

लामिछानेसहित पूर्वडीआईजी छविलाल बन्जाडे जोशी, लीला पछाईं, रामबहादुर खनाल, पूर्वसांसद मीना गुरुङ, कृष्णबहादुर गुरुङ र आरती गुरुङलाई बहसका क्रममा इजलासमै उपस्थित थिए ।

# जीप दुर्घटनामा ३ जनाको मृत्यु

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १८ पुस

बझाङको तलकोट गाउँपालिका-२ धमेनामा जीप दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ भने १ जना घाइते भएकी छन् । मृत्यु हुनेमा तलकोट गाउँपालिका-४ घर भएका ३६ वर्षीय बमबहादुर धामी, ७२ वर्षीया उनकी आमा जौमतीदेवी धामी र गाडी चालक केदारस्युँ गाउँपालिकाका ३२ वर्षीया शमशेर मल्ल रहेका छन् । त्यस्तै घाइते हुनेमा बम धामीकी ६ वर्षीय छोरी आकृति धामी रहेको जिल्ला प्रहरी कार्यालय बझाङका प्रमुख डीएसपी युवराज भण्डारीले जानकारी दिए । बिहीबार साँझ तलकोटबाट सदरमुकाम चैनपुर आउने क्रममा से १ ज ८४३ नम्बरको जीप तलकोट गाउँपालिका-२ धमेनामा दुर्घटना भएको प्रहरीको भनाइ छ ।

दुर्घटनाको कारण भने खुल्न नसकेको प्रहरीले बताएको छ । घाइते आकृतिलाई उपचारका लागि जिल्ला अस्पताल चैनपुर ल्याइएको छ ।

# नेपालकी पहिलो महिला राजदूत शाहको निधन

**काठमाडौं/मस–** नेपालकी पहिलो महिला राजदूत बिन्देश्वरी शाहको निधन भएको छ । नेपाल सरकारको परराष्ट्र सेवामा लामो समय योगदान पुर्‍याएकी शाहको ९१ वर्षको उमेरमा बिहीबार बिहान निधन भएको हो ।

सन् १९८८ मा तत्कालीन राजा विरेन्द्र वीरविक्रम शाहले उनलाई भारतका लागि नेपाली राजदूतमा नियुक्त गरेका थिए । वासिङटन डिसी, ढाका र नयाँ दिल्लीमा विभिन्न कूटनीतिक जिम्मेवारी पनि उनले सम्हालेकी थिइन् ।



सन् १९३३ फेब्रुअरी १३ मा भारतको कर्सियोङमा जन्मेकी शाहले सेन्ट हेलेन्स कन्भेन्ट, कुर्सियोङबाट स्कुले शिक्षा लिएकी थिइन् भने अमेरिकाको बर्नार्ड कलेज, कोलम्बिया विश्वविद्यालयबाट स्नातक र जोन्स हप्किन्स विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय मामिलामा स्नातकोत्तर गरेकी थिइन् ।

यसैबीच परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले नेपालका प्रथम महिला राजदूत स्वर्गीय विन्देश्वरी शाहप्रति श्रद्धाञ्जली अर्पण गरेकी छिन् । मन्त्री डा.राणाले बिहीबार दिउँसो काठमाडौंको कालिमाटीस्थित स्वर्गीय शाहको निवासमा पुगेर उनको पार्थिव शरीरमा पुष्पगुच्छा अर्पण गरी श्रद्धाञ्जलि दिएकी हुन् ।

# विमानको आपत्कालीन ढोका खोल्नेलाई जरिमाना

**काठमाडौं/मस–**विमानको आपतकालीन ढोका खोल्ने दुई यात्रुलाई जरिवाना तिराइएको छ । बुद्ध एयरको दुई उडानका क्रममा ढोका खोल्ने यात्रुलाई एक/एक लाख जरिवाना तिराइएको हो ।

जरिवानाबापत यात्रुबाट प्राप्त रकम परोपकारी संस्थालाई हस्तान्तरण गरिएको बुद्ध एयरले विज्ञप्तिमार्फत जनाएको छ । जनकपुरधामको महागंगा आरती-गंगासागर र पोखराको वृद्धाश्रमलाई एक/एक लाख सहयोग गरिएको हो ।

बुधबार (जनवरी १ तारिख) का दिन पोखराबाट काठमाडौं (उडान संख्या छ सय १८) को उडान तयारीका क्रममा एक जना यात्रुले अनाहकमा विमानको आपतकालीन ढोका खोलेका थिए । प्राविधिक टोलीको परीक्षणपछि करिब तीन घण्टा ढिलो साँझ ६:४० मा काठमाडौंका लागि उक्त विमान उडेको थियो ।

यसैगरी काठमाडौंबाट जनकपुरका लागि गत अक्टोबर १० का दिन बिहान ६:०५ मा उडेको विमान जनकपुरको खराब मौसमका कारण डाइभर्ट भइ विराटनगर पुगेको थियो । जनकपुरको मौसममा सुधार आएपछि विराटनगरबाट




उड्ने तरखरमा रहेको विमानमा ट्याक्सी वेबाट धावनमार्ग पस्दै गर्दा एक यात्रुले विमानको 'इमर्जेन्सी' ढोका खोलेका थिए ।

उक्त घटनापछि चालक दलले विमान पार्किङ-वेमै फर्काएका थिए । विमानको प्राविधिक जाँचका लागि काठमाडौंबाट टेक्निकल टिम गई सम्पूर्ण जाँचपछि दिउँसो १ बजे जनकपुर अवतरण गरेको थियो । यसबाट उडान प्रक्रिया अवरुद्ध भइ त्यस दिनको उडान तालिका निकै प्रभावित बनेको थियो ।

अनाहकमा आपतकालीन ढोका खोल्ने यात्रुलाई विमानस्थल सुरक्षाकर्मीलाई जिम्मा लगाइने गरिएको छ । यात्रुले अब उप्रान्त यस्तो कार्य नगर्ने शर्तमा क्रमशः एक लाख क्षतिपूर्ति तिराइएको थियो ।

आपतकालीन ढोकाको प्रयोगबारे विमान कम्पनीका परिचारिकाले उडानअगावै विस्तृत रुपमा यात्रुहरूलाई जानकारी गराएका हुन्छन् । आपतकालीन अवस्थाबाहेक यसलाई खोल्न मिल्दैन, यसले उडान सुरक्षामै खलल पुर्‍याउँछ ।

हवाई उडानमा खलल पुर्‍याउने जोसुकैलाई 'गैर सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५'अनुसार एकदेखि तीन वर्षसम्म कैद तथा अपराधको प्रकृति हेरेर जन्मकैदसम्म सजाय हुने प्रावधान छ ।

विमान कम्पनीले उडान सुरक्षामा अनाहक खलल पुर्‍याउने यात्रुलाई उडानमा थप प्रतिबन्ध लगाउन पनि सक्छन् । कम्पनीले अनाकहमा आकस्मिक ढोका खोल्ने यात्रुबाट क्षतिपूर्ति रकम एक लाख तिराइ तिनै गन्तव्यका परोपकारी संस्थालाई सहयोग गर्ने बताएको छ ।

## आफ्नै ...

सरकारले अझ बढी ध्यान केन्द्रित गर्नुपर्छ', प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनमा देशको पछिल्लो राजनीतिक अवस्था, सरकारका कामकारवाही, अन्तर्राष्ट्रिय परिस्थितिलगायतका विषय समेटिएको छ ।

एमाले र कांग्रेस मिलेर बनेको सरकार र त्यसको औचित्यबारे समेत अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदनमा उल्लेख छ ।

नयाँ सरकार बनेपछि एमालेको पहिलो केन्द्रीय समिति बैठक बस्न लागेको हुनाले नेपाली कांग्रेससँग किन नयाँ सहकार्य सुरु गर्नुपर्‍यो भन्नेबारेमा पनि प्रतिवेदनमा विश्लेषण गरिएको छ ।

कांग्रेससँगको सरकार गठनको औचित्य, आवश्यकता र यसले सिर्जना गरेका अवसरहरू के हुन् भन्नेबारे समेत प्रतिवेदनमा अध्यक्ष ओलीले विश्लेषण गरेका छन् ।

अर्थतन्त्रमा अपेक्षित रूपमा प्रगति नभए पनि गएको चौमासिकमा अघिल्लो चौमासिकको तुलनामा १७ प्रतिशत राजस्व वृद्धि भएको दाबी प्रतिवेदनमा छ ।

सरकार बनिसकेपछि आएको अर्थतन्त्रमा सुधार, विकास निर्माणका कामहरूसमेत प्रतिवेदनमा समेटिएका छन् । प्रतिवेदनमा पछिल्लो समय समाजमा बढिरहेको अराजकता र त्यसको निराकरणका उपायहरूसमेत समावेश गरिएको छ ।

'शेयर बजार माथि नै छ । लगानी, वैदेशिक सहायता, ऋण, निजी क्षेत्रमा लगानी बढेको छ । बंगलादेशसँग ऊर्जा व्यापार सम्झौता, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल संचालनका विषयमा प्रगति भएको छ । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक सर्वसम्मतिले पारित भए पनि आयोग बन्न ढिलाइ भएको छ । त्यसलाई तीव्रता दिनुपर्छ । वैदेशिक सम्बन्धलाई सन्तुलनमा राख्ने र सहकारी क्षेत्रमा देखिएको बेथिति रोक्न सरकारले काम गरिरहेको छ', ओलीले उल्लेख गरेका छन् ।

**सरकारको गति बढनुपर्छ : महामन्त्री शर्मा**

एमाले अध्यक्ष ओलीले सरकारको काम पर्याप्त नभएको प्रतिवेदनमा उल्लेख गरेको सन्दर्भमा सत्ताको अर्को प्रमुख घटक नेपाली कांग्रेसले प्रधानमन्त्रीको स्वीकारोक्तिलाई सकारात्मक रूपमा लिएको छ ।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले सरकारको सन्दर्भमा एमालेले गरेको समीक्षा उसको आफ्नो भए पनि कति पर्याप्त भएन भन्ने चासो पनि रहेको बताए ।

'सरकारको गति पर्याप्त भएन भन्दै गर्दा यो त आमरूपमै उठेको सवाल हो', शर्माले भने, 'सरकारको गति बढाउनुपर्छ भन्ने कुरा हामीले भन्दै आएका छौं ।'

उनले सरकारले प्रभावकारी ढंगले काम गर्नुपर्ने बताउँदै यसमा एमाले पनि सहमत हुनु र प्रधानमन्त्री स्वयंले स्वीकार गर्नु सकारात्मक रहेको उल्लेख गरे । 'सिंगो सरकारको गति बढ्नुपर्छ, सरकारको निर्णय क्षमता बढाउनुपर्छ', शर्माले भने ।

बैठकपछि एमाले उपमहासचिव प्रदीप ज्ञवालीले केन्द्रीय कमिटीमा छलफल हुने विषयवस्तुका बारेमा सचिवालय बैठकमा छलफल भएको जानकारी दिए ।

ज्ञवालीले एमाले र कांग्रेसको सरकार बनेपछि मुलुकमा स्थिरता आएको र देशको अर्थतन्त्रले समेत लय लिएको दाबी गरे । बीआरआईसमेत एमाले र कांग्रेसको सहमतिमा हस्ताक्षर भएको उनले बताए ।

## रावलको...

गालीगलौजले देश बन्दैन ।' साढे ३० पृष्ठको गालीगलौज र आधा पृष्ठ मात्र योजना रहेकाले रावलमा कति नकारात्मकता रहेछ भन्ने प्रस्ट भएको ज्ञवालीले टिप्पणी गरे ।

संगठित सदस्यता खोसिएपछि रावलले बुधबार एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीमाथि ७४ प्रश्न र आरोप लगाएका थिए ।

## डेपुटी...

नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई पनि पार्टीमा भित्र्याएर शक्तिशाली महासचिव बनाउने र पार्टीलाई थप गति प्रदान गर्ने तयारी गरेका थिए ।

तर, विप्लवसँग एकताको सम्भावना टरेपछि प्रचण्डले अन्ततः पुनलाई पार्टीमा प्रवेश गराउन लागेका हुन् ।

बिहीबार बसेको स्थायी कमिटी बैठक सुरु हुनुअघि पुनको प्रवेशबारे नेताहरूबीच कानेखुसी भएको थियो । उनलाई दिइने जिम्मेवारीबारे माओवादीभित्रै चासोका साथ हेरिएको छ ।

'स्थायी समिति बैठकमा पुन उपस्थित हुँदा धेरै नेताहरूले मुखामुख गर्नुभएको थियो । उहाँलाई पार्टीमा दिइने जिम्मेवारीबारे सबैले चासो व्यक्त गर्नुभएको छ', एक स्थायी समिति सदस्यले भने ।

**जिम्मेवारी दिने विषयमा विवाद !**

पुनलाई दिइने जिम्मेवारीका विषयमा पार्टीभित्र भने मतभेद उत्पन्न भएको छ । माओवादीभित्र अहिले अध्यक्षको उत्तराधिकारी को भन्ने विषयमा विवाद छ । त्यसमा जनार्दन शर्मा, वर्षमान पुनलगायतका नेताहरूको दाबी छ । त्यसलाई रोक्नका लागि प्रचण्डले नै पुनलाई अघि सारेको अनुमान गरिएको छ ।

प्रचण्डको यो तयारीप्रति शर्मा र वर्षमान पनि असन्तुष्ट छन् । पासाङ विद्या भण्डारी राष्ट्रपति भएका बेला २ कार्यकाल उपराष्ट्रपति भएका थिए । उपराष्ट्रपति हुनुअघिसम्म उनी अध्यक्ष प्रचण्डका विश्वासपात्र थिए ।

माओवादीमा पासाङ, शर्मा र चन्द्रदेव खनाल लडाकुको डेपुटी कमान्डर थिए । ७ कात्तिक २०२२ मा रोल्पाको राङ्सीमा जन्मिएका पासाङ २०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा काठमाडौं-४ बाट प्रतिस्पर्धा गरे पनि कांग्रेसका गगन थापाबाट पराजित भएका थिए ।

उनी २०७२ कात्तिकदेखि २०७९ चैतसम्म उपराष्ट्रपति थिए । २०७९ चैतमा रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएसँगै पुनको पदावधि सकिएको थियो । यसयता डेढ वर्ष उनी कुनै राजनीतिक कार्यक्रममा सहभागी भएका थिएनन् ।

**एजेन्डा तय**

स्थायी समिति बैठकले केन्द्रीय कमिटीको बैठकको एजेन्डा तय गरेको छ ।

केन्द्रीय समितिमा प्रस्तुत हुने 'पार्टी रूपान्तरण र पुनर्निर्माणको संकल्प आजको आवश्यकता' शीर्षकको अध्यक्ष प्रचण्डको राजनीतिक प्रतिवेदनसहितका विषयमा छलफल गर्नेगरी एजेन्डा तय गरेको हो ।

त्यस्तै, अध्यक्षलगायत प्रदेशका अध्यक्षहरूले रिपोर्टिङ गरिने, अगामी कार्ययोजनाका एजेन्डासमेत तय भएको प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए ।

अहिले संविधान संशोधन नभई संविधानको प्रभावकारी कार्यान्वयनमा जानुपर्नेमा बैठकमा अध्यक्ष प्रचण्डको जोड थियो । संविधान संशोधन गर्नुपर्ने भएमा राष्ट्रिय दृष्टिकोण कायम गर्नुपर्नेमा माओवादीको धारणा रहेको प्रवक्ता सापकोटाले बताए ।

माओवादी केन्द्रले ६ महिने जागरण अभियान सुरु गर्ने निर्णय पनि गरेको छ । मदन भण्डारी लोकमार्ग र हुलाकी राजमार्गलाई केन्द्रित गरेर बेग्लाबेग्लै अभियान चलाइने छ ।

माओवादी केन्द्रले राष्ट्रिय समस्याहरूको समाधान गर्न सबै दल एक ठाउँ उभिनुपर्ने पनि बताएको छ । बैठकले संविधान संशोधनका अन्तर्वस्तु, देशमा देखिएका समस्या र अन्तर्राष्ट्रिय संकटमा दलहरूबीच साझा दृष्टिकोण निर्माणको पहल गर्ने निष्कर्ष निकालेको हो ।

## भ्रष्टाचार...

यसअघि पनि उनले यस्तो प्रतिबद्धता जनाएका थिए । बिहीबार पनि दोहोर्‍याएका हुन् ।

'भ्रष्टाचारको अनुसन्धानमा कुनै हदम्याद रहँदैन', गृहमन्त्री लेखकले भनेका छन्, 'भ्रष्टाचारजन्य कार्यमा जहिलेसुकै अनुसन्धान हुन सक्छ ।'

भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक ७ माघ २०७६ मा राष्ट्रियसभामा दर्ता भएको थियो । त्यतिबेला प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रियसभामा दर्ता गरेको यो विधेयक ८ असार २०७७ मा पारित भएको थियो ।

राष्ट्रियसभाबाट पारित विधेयकमा नक्कली शैक्षिक प्रमाणपत्र, घुस खाएका, राजस्व छलेका, गलत लिखत तयार गरेका, गैरकानुनी सम्पत्ति आर्जन गरेका सार्वजनिक पदाधिकारीहरूलाई थाहा पाएको मितिले ५ वर्षभित्र मात्र मुद्दा लाग्ने उल्लेख थियो ।

पदमा बहाल रहँदा मुद्दा नलाग्ने पदाधिकारीहरूलाई भने अवकाशपछिको ५ वर्षभित्र मात्र मुद्दा लाग्ने भनिएको थियो ।

तर, सरकारी/सार्वजनिक सम्पत्ति हानि नोक्सानी हुने विषयमा भने हदम्याद प्रस्तावित थिएन ।

प्रतिनिधिसभामा आएपछि यो विधेयकमाथि छलफल हुँदा भ्रष्टाचारको अनुसन्धानमा ५ वर्षको हदम्याद राख्ने प्रस्तावित प्रावधान हटाउनुपर्ने विषय उठेको थियो ।

सत्तापक्ष र प्रतिपक्षमा रहेका सबै दलका सांसदहरूले भ्रष्टाचारको अनुसन्धानमा हदम्याद राख्न नहुने भनेर संशोधन प्रस्ताव राखेका थिए ।

यो पृष्ठभूमिमा राज्य व्यवस्था समितिले कुनै पनि प्रकारको भ्रष्टाचारमा हदम्याद नरहनेगरी विधेयक पारित गरेको हो ।

## शक्तिशाली...

लिएर टेलिफोन वा संचार माध्यमको विवरण प्राप्त गर्न सक्ने भनिएको छ । अंग्रेजीमा भाषामै लेखेर इन्टरसेप्सनको अधिकार अख्तियारलाई दिनेसहितको मस्यौदा संसदीय समितिले पास गरेको हो ।

समिति सभापति रामहरि खतिवडा भन्छन्, 'अदालतको अनुमति लिएर टेलिफोन वा संचार माध्यमको विवरण प्राप्त गर्न सक्ने भनिएको छ । यो समयाअनुकूल नै छ ।'

यो अधिकारसहितको विधेयक ऐनमा रूपान्तरित भएपछि अख्तियारले अदालतको अनुमति लिएर कुनै पनि व्यक्तिको कल रेकर्ड आफैं गर्न वा सम्बन्धित संस्थाबाट मगाएर अध्ययन गर्न सक्ने सरोकारवालाहरू बताउँछन् ।

अख्तियारसम्बन्धी प्रचलित ऐनको दफा ३२ मा मा यससम्बन्धी प्रावधान राख्न खोजिएको छ । अधिकार पाएपछि अख्तियारले कार्यविधि बनाएर विशेष अनुसन्धान विधि र नवीन प्रविधि अवलम्बन गर्न सक्छ ।

प्रमाण वा सूचना प्राप्त गर्ने उद्देश्यले अनुसन्धानमा रहेको व्यक्तिलाई निरन्तर निगरानीमा राख्नुपर्ने दायित्व पनि अख्तियारलाई दिने भनिएको छ ।

यसअन्तर्गत अख्तियारले अनुसन्धान विधि कन्ट्रोल डेलिभरीको अधिकार प्रयोग गर्ने छ । गुप्त अनुसन्धान कारबाही अन्डर कभर अपरेसन र कम्प्युटर वा अन्य विद्युतीय साधनको संरचना वा प्रणालीमा पहुँच अख्तियारलाई हुने छ ।

## श्रम...

प्रतिवेदनमा कामदारहरूमा देखिएको स्थानीय सम्पर्क भाषाको कमीका कारण सम्बन्धित देशकै स्वास्थ्य सहचारीको आवश्यकता औंल्याइएको छ । यसअघि कोरिया, मलेसिया र साउदी अरब जस्ता ठूलो संख्यामा नेपाली कामदार रहेका देशमा पहिलो चरणमा स्वास्थ्य सहचारी नियुक्त गरी त्यसपछि अन्यत्र विस्तार गर्न सुझाव दिइएको थियो ।

कार्यदलले कतारमा रहेको फिलिपिन्स र भारतीय दूतावासले छुट्टीको दिन र अन्य दिन पनि केही घण्टा दूतावासको कार्य समय बढाएर काम गरेको उदाहरण दिँदै नेपालका दूतावासहरूले राति ८-९ बजेसम्मलाई कार्य समय बढाउने र छुट्टीको दिन केही घण्टा वा आधा दिन कामदारको स्वास्थ्य समस्या समाधानका लागि काम गर्नु आवश्यक रहेको प्रतिवेदनमा औंल्याएको छ ।

प्रतिवेदनमा वैदेशिक रोजगारीमा रहेका कामदारहरूमा सुतेको सुत्यै मृत्यु (स्लिपिङ डेथ), क्लिनरको रोजगारीमा गएका महिला कामदारहरूमा पाठेघरसम्बन्धी समस्या, ग्यास प्लान्टमा काम गर्ने कामदारहरूमा नपुंसकता, इनडोरमा काम गर्नेलाई सुगर, निर्माण क्षेत्रमा काम गर्नेलाई हिट स्ट्रेस र स्लिङ डेथको समस्या देखापरेको उल्लेख छ ।

यसका अतिरिक्त खाडी मुलुकमा काम गर्ने कामदारले पानी नपिउने, लामो समय पिसाब रोक्ने, एकै ठाउँमा धेरै जना बस्ने, काम गर्ने र रात बिताउने ठाउँको तापक्रम असन्तुलन हुने जस्ता घटनाले मिर्गौलाले युवा अवस्थामा नै काम गर्न छाड्ने खराबी देखिएको पनि प्रतिवेदनमा औंल्याइएको छ । यी समस्या न्यूनीकरण गर्न स्वास्थ्य सहचारी उपयुक्त हुने प्रतिवेदनको जिकिर छ ।

हालसम्म औपचारिक माध्यम अर्थात् श्रम स्वीकृति लिएर ७४ लाख नेपाली वैदेशिक रोजगारीमा गएका तथ्यांक छ । वैदेशिक रोजगार बोर्डले बोर्डको सचिवालय स्थापना भएको आर्थिक वर्ष २०६५/०६६ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १४ हजार २१३ जनाको मृत्यु भएको जनाएको छ ।


**कतारमा रोजगार**

कम्पनी: ELITE FOR SECURITY
पूर्व स्वीकृत मिति: २०८१/०९/१८
चलानी नं.: ६०२३०७३४
शहर: Doha
LT. No.: 316518

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 38 | 11 | स. काममा दक्ष | 1500 | ५६,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २६ गते (10 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

# ‘समृद्ध नेपाल निर्माण गर्न संस्कृत शिक्षाको भूमिका महत्त्वपूर्ण’



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले आधुनिक र समृद्ध नेपाल निर्माणका लागि संस्कृत शिक्षाको उन्नयनले महत्वपूर्ण भूमिका खेल्ने बताएका छन्।

प्रधानमन्त्री निवास, बालुवाटारमा बिहीबार भएको नेपाल संस्कृत विश्वविद्यालयको ७७औं सभा/बैठकमा सम्बोधान गर्दै कुलपति ओलीले संस्कृतले समाजको विकासका सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गरेकाले विज्ञानसँग जोड्दै यसको संरक्षण, खोज र अनुसन्धानमा सरकारले ध्यान दिने बताए।

प्रधानमन्त्री ओलीले नेपालको आधुनिक शिक्षा विकासको जगमा रहेको संस्कृत शिक्षाले राजनीतिक जागरण सिर्जना गर्ने काममा पनि योगदान दिएको र वेदको अर्थ पनि विज्ञान भएकाले यस शिक्षालाई अगाडि बढाउन विश्वविद्यलयले अगुवाइ गर्ने विश्वास व्यक्त गरे।

प्रधानमन्त्री ओलीले अहिलेको सरकारले विश्वविद्यालयका भौतिक सम्पतिको रक्षा र स्वर्गद्वारी गुठीलगायत छरपस्ट रहेका जग्गाहरुको उचित जगेर्ना गर्ने पनि स्पष्ट पारे। बैठकमा सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम उच्चशिक्षालाई प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमुखी बनाउनुपर्नेमा जोड दिए। उपकुलपति प्रा.डा.धनेश्वर नेपालले हाम्रा प्राचीन ऋषिमहर्षिहरुको लामो तपस्याद्वारा निःसृत संस्कृत वाङ्मयमा ज्ञानविज्ञानको धारा प्रवाहित हुँदै आएकाले यसको मौलिकताको रक्षाका साथै आधुनिकीकरण गर्ने प्रतिबद्धता व्यक्त गरे।

बैठकले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक शैक्षिक कार्यक्रम तथा आय व्यय (बजेट) पारित गरेको थियो।

# ‘सबैको सहमति र समन्वयबाट संविधान संशोधन गर्नुपर्छ’

**बाँके/मस-** जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान विज्ञसहितको आयोग बनाएर संविधान संशोधन गर्नुपर्ने बताएका छन्। अवधि पत्रकार संघ नेपालद्वारा बिहीबार आयोजित पत्रकार सम्मेलनमा उनले संविधान विज्ञद्वारा प्राप्त सुझावका आधारमा सबैको सहमति र समन्वयबाट संविधान संशोधन गर्नुपर्ने उल्लेख गरे।




अध्यक्ष यादवले समानुपातिक समावेशी प्रतिनिधित्वलाई खुम्च्याउने गरी संविधान संशोधन गर्न नहुने धारणा राखे। उनले भने, ‘सबैले अपनत्व लिने गरी, सङ्घीयता, गणतन्त्र र समावेशितालाई बलियो बनाउने किसिमले सबैको सहमति र समन्वयबाट मात्रै संशोधन गर्नुपर्ने आवश्यकता छ।’

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले देशमा बढ्दै गएको राजनीतिक अस्थिरताले लामो सङ्घर्ष र बलिदानबाट प्राप्त उपलब्धि गुम्ने खतरा बढेको बताए। उनले भने, ‘गणतन्त्र र सङ्घीयताको रूपमा प्राप्त भएका उपलब्धिलाई संथागत गर्न सकिएन भने २००७ सालमा भएको परिवर्तन २०१७ सालमा गुमेजस्तै नहोला भन्न सकिँदैन। त्यसैले उपलब्धिलाई संस्थागत गर्न सबै एकजुट हुनु जरुरी छ।’ अवधि पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष राकेशकुमार मिश्रको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनमा जसपा नेपालका केन्द्रिय सचिव एवं नेपालगञ्ज उपमहानगरपालिकाका उपप्रमुख कमरुद्दिन राई, स्थानीय नेतालगायत सञ्चरकर्मीको उपस्थिति थियो।

# ऐतिहासिक नन्दन ताल पुरानै स्वरूपमा फर्काउन प्रतिबद्धता




**विनोद निगम/मध्यान्ह**
नवलपरासी, १८ पुस

ऐतिहासिक नन्दनताललाई केही स्थानीयले कब्जा गरेर खेती गर्दै आएका छन्। जसका कारण तालको अस्तित्व नै मेटिएको छ।

पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका वडा नं ६ मा पर्ने एतिहासिक नन्दन ताल, नन्दन नगरबारे बिहीबार जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रम सरोकारवालाहरुले नेपालको तेश्रो ठूलो तालको रूपमा रहेको नन्दन तालको संरक्षणका लागि पुरानै स्वरूपमा फर्काउन पालिका अडिकसँगै राजनीतिक दलका प्रतिनिधिहरूले पनि सहयोग गर्ने निष्कर्ष निकालेको छ। त्यससँगै सबै सरोकारवालाहरुले सामूहिक प्रतिबद्धता जनाएका छन्।

नन्दन ताल स्थानीयहरुको अतिक्रमणका कारण तालको अस्तितत्वनै मेटिने खतरा उत्पन्न भएपछि सरोकारवालासँग छलफल गरी संरक्षणको काम अगाडि बढाउन अन्तरक्रिया गरिएको पाल्हीनन्दन गाउँपालिकाका अध्यक्ष वैजु प्रसाद गुप्ता(दिपक)ले बताए। सो क्रममा बोल्दै सरोकारवालाहरूले तालको संरक्षण हुनुपर्ने विषयमा मत एक्यता जाहेर गर्दै स्थानीय तह सक्रिय रूपमा लाग्न जोड दिएका छन्।

पाल्हीनन्दन गाउँपालिकाका अध्यक्ष गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिनिधि सभा सदस्य तथा पूर्व मन्त्री ध्रुवबहादुर प्रधानको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रधानले नवलपरासीबाट त्रिवेणी धाम लगायतको धार्मिक तथा पर्यटकीय स्थलहरु अलग भएपछि जिल्लाको पहिचान मेटिदै गएको भन्दै तालतलैया लगायतका अन्य सम्पदाको संरक्षण गर्दै जानुपर्नेमा जोड दिए। माथिल्लो तहका सरकारले चासो नदिएपनि स्थानीय तहले संरक्षण र प्रवर्द्धनको काममा अठोट गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए।

सो क्रममा पूर्व गृहराज्यमन्त्री देवेन्द्रराज कण्डेलले नन्दन ताल संरक्षणको विषय चूनौतिको रुपमा रहेको बताउँदै यसलाई अवसरको रुपमा लिएर काम गर्ने हो भन्ने सम्भव भएको बताए। उनले भने, ‘बहानाबाजी गर्ने हो भने अर्थ छैन्, तर साँच्चै बनाउने हो भने स्थानीय तह कठोर बनेर निर्णय गरेर अगाडि बढ्न सक्नुपर्छ र यहाँ उपस्थित राजनीतिक प्रतिनिधिहरुले एकबद्धता जनाइ अघि बढ्नुपर्छ।’

त्यस्तै पूर्व स्थानीय विकास राज्यमन्त्री घनश्याम यादवले नन्दन तालको संरक्षणमा सबै सरोकारवाला एकजुट बन्नुपर्नेमा जोड दिएका थिए। त्यस्तै लुम्बिनी प्रदेश सभा सदस्य बैजनाथ कलवारले नन्दनतालको संरक्षण र प्रवर्द्धन गर्न सके पर्यटन विकासमा टेवा पुग्ने धारणा व्यक्त गर्दै प्रदेश सरकारसँग पनि सहयोगको लागि पहल गर्ने आश्वासन दिए।

जिल्लाको साविक हकुइ र सनइ गाविसको सीमाना रहेको नन्दन ताल तीन कित्ता गरी झण्डै ८० विगाहा र त्यस नजिक सनइ र रगरगन्जको बीचमा रहेको सनइ ताल ८२ गरी झण्डै १ सय ६२ बिगाहा क्षेत्रफलमा फैलिएको छ, तर अहिले स्थानीयले अतिक्रमण गरी खेतिपाती गर्दै आएका हुनाले तालनै मेटिदै गएको छ।

विगतका दिनदेखि ताल मासिँदै गएको विषयमा कुरा उठे पनि संरक्षणको ठोस काम हालसम्म हुन सकेको छैन्। वि.स. २०७३ सालसम्म तालमा रहेको सानो पोखरीमा माछा पालन हुने गर्दथ्यो। जसका लागि ठेक्का समेत आह्वान हुने गरेकोमा पछिल्लो समय तीव्र गतिमा ताल अतिक्रमण भएपछि अस्तित्व संकटमा परेको छ। गाउँपालिका अध्यक्ष गुप्ताले अब स्थानीय र पालिका स्तरमा थप छलफल गरेर संरक्षणको काम सुरु गर्ने तयारी रहेको बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति नवलपरासीका प्रमुख भगौती यादव, रामग्राम नगरपालिकाका नगर प्रमुख धनपत यादव, प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठ, गाँउपालिका उपाध्यक्ष फातिमा खातुन अन्सारी, नेपाली कांग्रेसका नेता विक्रम यादव, जसपा नेपालका धरेन्द्र यादव, राप्रपाका किरण प्रधान, रास्वपाका रवि पाण्डे, लोसपाका मुकुरजि गिरी,राधेश्याम सिंह सैथवार लगायत पत्रकार तथा सरोकारवालाहरुले आफ्नो धारणा राखेका थिए।

अन्तरक्रिया कार्यक्रममा पत्रकार बेचु गौड र रंजीत शर्माले तालको वर्तमान अवस्था र आगामी दिनमा गर्न सक्ने सम्भावनाका कार्यहरूबारे प्रस्तुतीकरण गरेका थिए भने कार्यक्रमको सञ्चालन पत्रकार विकास अधिकारीले गरेका थिए।

# नेपाल डेरी एसोसिएसनको २६औं वार्षिकोत्सव बुटवलमा हुने

**काठमाडौं/मस-** नेपाल डेरी एसोसिएसनको २६ औं बार्षिक साधारणसभा एवं स्थापना दिवस बुटवलमा मनाउने भएको छ। एसोसिएसनका हरेक गतिविधि पालैपालो प्रदेश र जिल्लामा गर्ने अनुसार यस वर्षको२६ औं वार्षिक साधारणसभा एवं स्थापना दिवस कार्यक्रम बुटवलमा गर्न लागेको हो।

सभालाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेत नारायण आचार्यले माघ ७ गते उद्घाटन गर्ने कार्यक्रम रहेको छ। सभामा भाग लिन एसोसिएसनले प्रतिनिधी मनोनयन गराउन सबै सदस्यहरुलाई आग्रह गर्दै प्रदेश र जिल्ला समितिलाई निर्देशन समेत गरेको छ। पुस मसान्तसम्म अद्यावधिक भएका सदस्यले मात्र साधारणसभामा सहभागीता हुन सक्ने एसोसिएसनले जनाएको छ। त्यसैगरी जिल्ला र प्रदेश एसोसिएसनले वर्षभरि गरेका गतिविधिको प्रतिवेदन समेत बुझाउने कार्यक्रम छ।

# कोशी सरकारले संकटग्रस्त सहकारी व्यवस्थापन समिति गठन गर्ने

**विराटनगर/मस-**प्रदेश मातहतका संकटग्रस्त सहकारी व्यवस्थापनका लागि कोशी प्रदेश सरकारले समिति गठन गर्ने निर्णय गरेको छ।

बिहीबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले संकटग्रस्त सहकारीको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको हो। प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुन मन्त्री रेवतीरमण भण्डारीका अनुसार बैठकले समितिको काम, कर्तव्य र अधिकार पनि टुंगो लगाएको छ।

गत ४ कात्तिकमा प्रदेश सरकारले ‘केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८१’ मार्फत प्रदेश सहकारी ऐन २०७६ संशोधन गरेको थियो।

संशोधनमा ‘कुनै सहकारी संस्था वा संघलाई समस्याग्रस्त घोषणा गरेपछि त्यस्तो संस्थाको सम्पति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि छुट्टै समिति बनाउने’ उल्लेख थियो।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अध्यक्ष कानुन क्षेत्रमा १० वर्ष काम गरेको व्यक्ति हुनुपर्नेछ।

समितिको सदस्यमा सहकारी क्षेत्रमा १० वर्ष काम गरेका एक जना, प्रशासन वा सुरक्षा वा अनुसन्धान क्षेत्रका एक जना, लेखा विशेषज्ञहरू मध्येबाट १ जना सदस्य हुनेछन्। प्रदेश सरकारले तोकेको सातौं र आठौं तहका एक जना अधिकृत सदस्य सचिव रहने प्रावधान छ। अध्यादेश जारी भएको दुई महिनापछि सरकारले समिति गठन गर्ने निर्णय गरेको हो।

मन्त्री भण्डारीका अनुसार बिहीबारको मन्त्रिपरिषद् बैठकले खानेपानी तथा सरसाफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा पेस गर्न स्वीकृत गर्ने निर्णय गरेको छ।

कोशी प्रदेश वन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक र कोशी प्रदेश वातावरण संरक्षण ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक कोशी प्रदेश सभा सचिवालयमा विधेयकको रूपमा पेस गर्ने निर्णय गरेको छ। पाथिभारा क्षेत्र विकास समिति, बृहत् बराह क्षेत्र विकास समिति र हलेसी महादेवस्थान विकास समिति गठन आदेश पहिलो संशोधन आदेश २०८१ लाई स्वीकृत गर्ने निर्णय पनि गरेको छ।

# विद्यालयहरूमा स्वास्थ्य दूत नियुक्त गरिने




**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले विद्यालयमा स्वास्थ्य सचेतना फैलाउन विद्यालय स्वास्थ्य दूत नियुक्त गर्ने निर्णय गरेका छन्। विद्यालय नर्स कार्यक्रम लागू भइहेका विद्यालयमा स्वास्थ्य प्रवर्द्धनात्मक विद्यालय र विद्यालय स्वास्थ्य दूतसमेत रहनेगरी मन्त्री पौडेलले विद्यालय स्वास्थ्य सेवा तथा नर्सिङ कार्यक्रम सञ्चालन निर्देशिकालाई परिमार्जन गरी नयाँ निर्देशिका स्वीकृत गरेका छन्।

अब विद्यालय नर्सिङ कार्यक्रम लागू भएका विद्यालयमा कक्षा ७ र ८ मा अध्ययनरत विद्यार्थीले स्वास्थ्य दूतका रुपमा स्वास्थ्यसम्बन्धी आधारभूत जानकारी तथा स्वास्थ्य सजगतासम्बन्धी जानकारी फैलाउन विद्यालय नर्सलाई सघाउने छन्।

यसैगरी, नियमित खोप कार्यक्रम तथा अन्य सचेतनामूलक कार्यक्रममासमेत विद्यालय स्वास्थ्य दूतलाई उपयोग गर्ने गरी मन्त्रालयले निर्देशिका परिमार्जन गरेको हो।

विद्यालय स्वास्थ्य दूतलाई मन्त्रालयले दूतको परिचय र ब्याचका अलावा आवश्यक स्वास्थ्य जानकारीमूलक सामग्री पठाउनेछ।

हाल देशका सातै प्रदेशका एक हजार तीन सय ८६ विद्यालयमा कार्यक्रम लागू भइरहेको छ। स्वास्थ्य तथा जनसंख्यामन्त्री पौडेलले रोग निरोधात्मक कार्यक्रमका लागि विद्यालयलाई समेत सहभागी गराउने गत साउन २७ गते योजना तथा कार्यक्रममा घोषणा गरेका थिए। सोही कुरालाई मद्दत मिल्ने गरी हाल निर्देशिका परिमार्जन गरेर विद्यालय स्वास्थ्य दूत थप्न लागिएको हो।

पाँच सय विद्यार्थी भएका विद्यालयमा एक छात्र र एक छात्रा स्वास्थ्य दूत बन्नेछन्। उनीहरुलाई मन्त्रालयको नर्सिङ महाशाखामार्फत स्थानीय तह र विद्यालयका नर्सहरुले सचतेनामूलक कार्यक्रममा सहभागी र नेतृत्व दिलाउनेछन्। ‘हामीलै नागरिकको स्वास्थ्य सुधार गर्न बालबालिका तहबाटै काम हुनुपर्छ भनेर यस्तो व्यवस्था गरेका हौं,’ मन्त्री पौडेलले भने, ‘यसले बालबालिका र उनीहरुमार्फत समुदायको स्वास्थ्य जानकारी वृद्धि हुने अपेक्षा गरेका छौं।’

मन्त्रालयले यस वर्ष प्रयोगका रुपमा लागू गर्ने र अगामी वर्ष बजेटमा व्यवस्था गरेर कार्यक्रमलाई थप प्रभावकारी बनाउने प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए।

‘विद्यालयमार्फत सचेतना थप प्रभावकारी हुन्छ भन्ने मन्त्रीज्यूको विश्वास छ,’ उनले भने, ‘त्यसैलाई आधार मानेर नयाँ व्यवस्था गरिएको हो।’

अहिले विद्यालय नर्स कार्यक्रमका लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश र स्थानीय सरकारसँग सहकार्य गरिरहेको छ। तीनवटै तह मिलेर बालबालिकाको तहसम्म सचेतना फैलाउने काम गर्दा प्रभावकारी हुने विश्वासका साथ मन्त्री पौडेलले विद्यालय दूत कार्यक्रम अघि बढाएको उनको निजी सचिवालयले जनाएको छ।

# रहेनन् सचिन परियार

**काठमाडौं/मस-** बाल कलाकार सचिन परियारको निधन भएको छ। महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा बिहीबार बिहान उनको उपचारका क्रममा निधन भएको हो।



अस्पतालमा उपचारत चिकित्सकका अनुसार सचिनलाई जन्मजात भेन्ट्रिकुलर सिस्ट भएको थियो। यो दुर्लभ ब्रेन ट्युमर हो। जसका लागि न्युरोसर्जरीसमेत गरिएको अस्पतालले जनाएको छ।

लामो समयदेखि स्वास्थ्य समस्यासँग लड्दै आएका सचिनलाई तीव्र ज्वरो, सास फेर्न गाह्रो हुने समस्याका कारण गत साता मात्रै अस्पतालमा भर्ना गरिएको थियो। अस्पताल भर्ना गर्दा उनको अवस्था गम्भीर थियो। चिकित्सकका अनुसार अस्पताल भर्ना गर्दा सचिन ‘सेप्टिक सक’मा थिए। सेप्टिक सकको अवस्था भनेको शरीरमा संक्रमण तीव्र गतिले फैलिरहँदा शरीरका अंगलाई चाहिने रगत, अक्सिजन र पोषक तत्वलगायतका तत्वको कमी भइ अवस्था गम्भीर हुनु हो।

साथै, उनलाई डाइबेटिज इन्सिपिडसको पनि समस्या थियो। चिकित्सकका अनुसार डाइबिटिज इन्सिपिडसको समस्या निकै दुर्लभ हुन्छ। यो समस्या भएका व्यक्तिको मिर्गौलाले अत्यधिक मात्रामा पिसाब बनाउने गर्छ।

सचिनको ६ महिनाअघि नै त्रिवि शिक्षण अस्पतालमा मस्तिष्कमा जमेको पानीलाई कम गर्न शल्यक्रिया गरेर पाइप राखिएको थियो। यस्तै सचिनको समस्या बढ्दै गएर कम्मर मुनिको भाग समेत नचल्ने अवस्था आइसकेको थियो। उनलाई निमोनिया, छातीमा संक्रमण, मिर्गौलामा चोटपटक भएको थियो। जसकारण शरीरमा संक्रमण तीव्र फैलिंदा शरीरबाट रगत अत्यधिक बगिरहेको थियो।

उपचारको क्रममा पीआईसीयू हुँदै भेन्टिलेटरमा राखेर उपचार गरिएको थियो। मुख र नाकबाट रगत बगेको थियो। भर्ना भएको पाँचौं दिनमा उनको फोक्सोबाट अचानक रक्तस्राव भएको अस्पतालले जनाएको छ।

सचिनको शरीरका सबैजसो अंगले क्रमशः काम गर्न छोडेका थिए। शरीरमा अक्सिजन पनि कम हुँदै जँदा अचानक हृदयघात भएपछि उनको मृत्यु भयो। चिकित्सकले हरसम्भव प्रयास गर्दा पनि उनलाई बचाउन नसकेको अस्पताल प्रशासनले जनाएको छ। यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीले बाल गायक सचिनको निधनप्रति दुःख व्यक्त गरेका छन्। ओलीले सामाजिक सञ्जालमार्फत परियारको निधनप्रति दुःख व्यक्त गरेका हुन्।

‘बाल गायक सचिन परियारको निधन भएको खबरले धेरै दुःखी छु। एकजना प्रतिभाशाली बालकमाथि पारिवारिक बेमेल र सामाजिक सञ्जालको भाइरल प्रवृत्तिले असर पुऱ्याएको यस घटनाले सामाजिक सम्बन्धका संवेदनशील विषयमा सजग भएर मात्र प्रतिक्रिया दिनुपर्छ भन्ने सबैलाई पाठ सिकाएको छ। बाल गायक सचिनलाई हार्दिक श्रद्धाञ्जली !,’ प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमा लेखेका छन्।

अनौठो हाउभाउ र मीठो बोलीका कारण भाइरल बनेका उनी बुबा तेजेन्द्र परियारका कारण पनि पछिल्लो समय चर्चामा आइरहेका थिए।

WE'RE HIRING
Urgently
Required
One of the reputed Travel Agency is Seeking for Following applicant.
Office Staff
❖ Experience in similar field for 2 years.
❖ Bachelors Degree
interview Date : 5 Jan., 2025 (Sunday)
Air Borne
Travels And Tours Pvt. Ltd.
Sinamangal - 03, Kathmandu
Tel.: 01-4578783

साउदीमा रोजगार
कम्पनी: GULF CATERING FOOD FACTORY SUDAIR
शहर:Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०९/१८
चलानी नं.: ६०२३०७३३
LT. No.: 316530

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ पुष २६ गते (10 January 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LUCKY H.R.
लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५४२०५६२ ५४५५१८० ५४५०६३४ ५४५५१४४.
Email- info@merocvs.com / info@luckyhrsolution.com

Bahrain मा रोजगार
Central Cafe & Restaurant Management Co.W.L.L.
पुनः विज्ञापन पूर्व स्वीकृती मितिः २०७९/१२/२१
चलानी नं: ६०२१७२८१
LT No.: 283937

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 4 | 0 | काममा दक्ष | 100 | ३६,६००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cook | 5 | 0 | | 150 | ५४,९००।- | | | | | | | |
| ३. | Dish Washer | 8 | 0 | | 100 | ३६,६००।- | | | | | | | |
| ४. | Waiter | 4 | 0 | | 120 | ४३,९००।- | | | | | | | |

अन्तरवार्ता २०८१ पौष २६ गते (10 Jan., 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारामा हुनेछ।

Easy Overseas
EASY OVERSEAS PVT. LTD.
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539

मध्यान्ह
www.madhyanhadaily.com
१९ पुस २०८१ शुक्रबार
3 January 2025, Friday

## सम्पादकीय

# संकटमोचक प्रस्ताव

सरकारको नेतृत्व गरिरहेको नेकपा एमाले र प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)ले केन्द्रीय कार्यसमितिको बैठक एउटै मितिमा राख्दै छन् । आगामी २१ पुसदेखि सुरू हुने दुवै पार्टीको केन्द्रीय समिति बैठकको एजेन्डा तय गर्न पनि एउटै मिति, १७ पुसमा स्थायी कमिटी बैठक बसे । संसदीय प्रतिनिधित्वका हैसियतमा एमाले र माओवादी क्रमशः पहिलो र दोस्रो ठूलो कम्युनिस्ट पार्टी हुन् । तर, यी २ पार्टीबीच ठूलै बिमति छ । २०७४ सालको निर्वाचनपछि एउटै पार्टी बनेको र फेरि फुटेर अलग भएकाले पनि यी २ पार्टीबीचको सम्बन्धमा समस्या छ । यद्यपि, सत्ता निर्माणको स्वार्थमा २ वर्षभित्रै एमाले र माओवादीबीच २ पटक सत्ता साझेदारी भयो । अहिले सरकार र प्रतिपक्ष कित्ताको नेतृत्व गरिरहेका छन् यिनले ।

त्यसैले स्थायी कमिटी र केन्द्रीय कमिटी बैठक एउटै मितिमा बस्ने संयोग मात्र हो । तर, स्थायी कमिटी बैठकमा केही मिल्दो निर्णय भएको छ । मुख्यालय च्यासलमा बसेको एमाले बैठकले सरकारको काम पर्याप्त नभएको निष्कर्ष निकालेको छ । माओवादीले सरकार असफल नै भएको निर्णय सार्वजनिक गरेको छ । केही फरक भए पनि सरकारको भूमिकाप्रति दुवै दल सन्तुष्ट देखिएनन् । अर्को समानता भनेको संविधान संशोधनको विषय हो । एमालेले संविधान संशोधनको गृहकार्य अगाडि बढाउनुलाई सकारात्मक कदम भनेको छ भने माओवादीले संविधान संशोधनका अन्तर्वस्तुमा सबै दलहरूबीच समान दृष्टिकोण निर्माणमा पहलकदमी लिने निष्कर्ष सार्वजनिक गरेको छ । माओवादी नेताहरूले संविधान संशोधनका अन्तर्वस्तु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्याहरू समाधानमा समान दृष्टिकोण निर्माणको पहलकदमी आवश्यक भनेका छन् ।

कतिपयले यी २ दलबीच भएका समान निर्णयलाई लिएर सत्ताको भविष्यबारे पनि आँकलन गर्न सक्छन् । विगतका अभ्यास हेर्दा त्यस्तो अनुमान अस्वाभाविक होइन । तर, माओवादी नेताहरूले सत्ता बदल्ने खेलमा नलाग्ने अभिव्यक्ति दिएका छन् । सत्ताको खेलमा नलाग्ने प्रतिबद्धता सही नै हो किनकि अब पनि सत्ताको खेलमा दलहरू अल्मलिने हो भने राजनीतिक वितृष्णा अझै बढेर जाने संभावना देखिन्छ । राजनीतिक नेतृत्वको मुख्य काम भनेकै सरकार बनाउनु र ढाल्नु हो भन्ने सन्देश जानु उचित होइन । तर, संविधान संशोधनको अन्तर्वस्तु र राष्ट्रिय समस्याहरू सबै दल मिलेर समाधान गरिने प्रस्ताव गलत होइन । बेरोजगारी, अशिक्षा, अविकास जस्ता समस्याहरूको समाधानमा सबै दल एकजुट भएकै राम्रो हो । अझ विश्वव्यापी संकट जसरी गहिरिएर गएको छ, त्यो सन्दर्भमा माओवादी प्रस्ताव उपयुक्त हो । यो प्रस्तावमा नेपाली कांग्रेससहित अरू दलहरूले बिमति जनाउनुपर्ने कारण छैन ।

# रास्वपा : सिद्धान्त र कार्यनीतिमा फरक दृष्टिकोण

अग्रलेख



● श्याम मदन के. सी.

नेपालको राजनीतिमा देखिएको विकृति, विसंगति र कुशासनलाई हटाउने अभियान संचालन गर्नका लागि २०७९ सालमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को स्थापना गरिएको हो । यस पार्टीले नेपालको संविधान, २०७२ ले जनतामा निहित रहेको सार्वभौमिकतालाई आत्मसात् गरेको छ । संविधान प्रदत्त जनताका संवैधानिक अधिकारको रक्षार्थ आफ्नो अभियानलाई अगाडि बढाउँदै आएको छ ।

संविधानले परिकल्पना गरेको शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नका लागि जनताले महसुस गर्नेगरी जीवनस्तरमा सुधार ल्याउने प्रतिबद्धता रास्वपाको छ । पार्टीले राष्ट्रिय हितलाई सर्वोपरि मानी जनउत्तरदायी, जनसहभागितामूलक लोकतान्त्रिक राज्य शासन व्यवस्था प्रवर्द्धन गर्ने मुख्य लक्ष्य राखेको छ । यो पार्टी सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध छ ।

यसले सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने, बहुलवादी लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने नीति लिएको छ । यसको मूल ध्येय वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिका लागि अगाडि बढेको छ ।



रास्वपाले पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जबाफदेहीपूर्ण शासनको माध्यमबाट समन्यायिक समावेशी समाज निर्माण गर्न पहल गरेको छ । पार्टीले सार्वजनिक, निजी र सामुदायिक स्रोत-साधनको दिगो परिचालन गरी लोककल्याणकारी राज्यको सुनिश्चितता गर्ने लक्ष्य राखेको छ ।

राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित, सामाजिक पुँजीको अभिवृद्धि र जलवायु-पर्यावरणीय सन्तुलन कायम गर्ने प्रतिबद्धता जनाएको छ । यसले उद्यममैत्री लगानी र अनुकूल प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नतिका लागि स्वच्छ र सुदृढ नियमनकारी संरचना बनाउने जनाएको छ । शान्तिपूर्ण मार्गबाट नै समाजवादका प्रधान लक्ष्यहरू प्राप्त गर्ने सकिने विश्वास रास्वपाको छ ।

विश्वभर फैलिएका नेपालीहरूको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्त्वलाई मध्यनजर गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्ने अभीष्ट रास्वपाको छ ।

रास्वपाले आफ्नो गतिविधिलाई अगाडि बढाउनका लागि जनतामाझ आफ्नो उद्देश्य र नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । मुलुकमा विगत लामो समयदेखि देखिएका समस्याहरूको समाधानका लागि रास्वपाले २५ बुँदे सार्वजनिक प्रतिबद्धता जाहेर गरेको छ । सुशासन कायम गर्नका लागि भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अगाडि बढाएको छ । त्यसका लागि सार्वजनिक निकायमा बसेर अकूत सम्पत्ति कमाएकाहरूको सम्पत्ति छानबिन गर्ने रहेको छ ।

त्यसरी नै छिटो प्रक्रियाको माध्यमबाट तत्काल कडा कारबाही गर्ने र आफ्नो नातेदारहरूमार्फत स्वदेशी तथा विदेशमा सम्पत्ति राख्नेहरूलाई समेत कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता प्रकट गरिएको छ ।

यसका लागि रास्वपाले सार्वजनिक सेवालाई चुस्त र दुरुस्त बनाई निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्नेगरी कर्मचारीतन्त्रमा व्यापक सुधार गर्ने नीति लिएको छ । त्यसका लागि आवश्यक तालिमको व्यवस्था गरी हायर एन्ड फायरको व्यवस्था लागू गर्दै दरबन्दी र पदपूर्तिमा देखिएका समस्या समाधान गर्ने, प्रत्येक सार्वजनिक सेवामा सेवाग्राहीले तोकिएको समयभित्र सेवा पाउने व्यवस्था मिलाउने र कार्यालय प्रमुखलाई जिम्मेवार बनाउने नीति लिइएको छ ।

नातावाद, कृपावाद, आशीर्वाद र परिवारवादलाई पूर्ण निस्तेज गर्ने नीति रास्वपाको छ । समयसमयमा हुन सक्ने स्वार्थको द्वन्द्वका कारण हुन सक्ने नियुक्तिको प्रभावलाई रोक्न अलग्गै आयोग गठन गरिनुपर्छ । चुस्त र दुरुस्त प्रणाली अवलम्बन गर्नका लागि पुरस्कृत र दण्डको व्यवस्थालाई उच्च प्राथमिकता दिइनुपर्छ ।

राज्यको शासन व्यवस्थामा अस्वीकार गर्ने अधिकार, जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार, डिजिटल लोकतन्त्र र प्रारम्भिक निर्वाचन प्रणाली व्यवस्था गरी प्रत्यक्ष सहभागितामूलक लोकतन्त्रको प्रवर्द्धनमा जोड दिइने नीति रास्वपाको छ ।

विभिन्न तरिकाबाट विदेश पुगेका नेपाली नागरिकका परिवारको सामाजिक र आर्थिक सुरक्षाका लागि प्रभावकारी कार्यक्रम ल्याउने नीतिलाई रास्वपाले ध्यान दिएको छ । लोककल्याणकारी राज्यको स्थापनाका लागि नागरिकको प्रत्यक्ष संलग्नता रहने शिक्षा, स्वास्थ्य, कृषि जस्ता क्षेत्रमा संरक्षण र प्रवर्द्धनका लागि प्राथमिकताका साथ काम गर्नुपर्छ भन्ने बुझाइ रास्वपाको छ ।

> विश्वभर फैलिएका नेपालीहरूको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्त्वलाई मध्यनजर गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्ने नीति अहिलेको आवश्यकता हो...

परराष्ट्र सम्बन्धमा रास्वपा स्पष्ट छ । आफ्नो राष्ट्रिय स्वार्थलाई कायम राख्दै अन्य देशसँगको कूटनीतिक सम्बन्धलाई नयाँपन दिने नीति रास्वपाको छ । विशेषगरी सीमाको सन्दर्भमा भारतसँगै देखिएको विवादलाई सकेसम्म २ पक्ष बसेर हल गर्ने, नसके अन्तर्राष्ट्रिय मञ्चको आवश्यक सहयोग लिनुपर्छ भन्ने नीति रास्वपाको छ ।

अर्थतन्त्रको विकासका लागि आधारभूत आवश्यकताका वस्तु र सेवामा राष्ट्रलाई आत्मनिर्भर बनाइनुपर्छ । आयातलाई प्रतिस्थापन गरी निर्यातलाई प्रवर्द्धन गर्ने नीति अहिलेको आवश्यकता हो । रास्वपाले उद्योग, व्यापार गर्नेहरूलाई विभिन्न निकायमा धाउनुपर्ने अवस्थाबाट मुक्ति दिलाई एक केन्द्रको अवधारणा ल्याई झन्झटमुक्त वातावरण बनाउने नीतिलाई अगाडि सारेको छ ।

विकासका योजनाहरू संचालन गर्नका लागि सार्वजनिक-निजी साझेदारीको अवधारणामा आधारित संघीय, प्रादेशिक र पालिका स्तरमा लागू गर्ने विषयमा रास्वपा प्रस्ट छ ।

शिक्षालाई परिणाममुखी, सीपमूलक, नैतिक, ज्ञानमूलक, रोजगारी केन्द्रित, व्यावहारिक र विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्तिको उत्पादन गर्ने शिक्षा प्रणाली लागू गर्नुपर्छ । उच्च शिक्षामा छात्रवृत्तिलाई प्राथमिकतामा राखी १२ कक्षासम्म निःशुल्क गरिनुपर्छ ।

धार्मिक आस्थाको सन्दर्भमा रास्वपा स्पष्ट छ । रास्वपाले सनातन वैदिक संस्कृतिलाई संरक्षण गर्ने नीति लिएको छ । विद्यालयको पाठ्यक्रममा समावेश गरी आध्यात्मिक ज्ञानलाई प्रवर्द्धन गरिनुपर्छ । नेपालका मौलिक धर्म, मूल्य-मान्यतालाई मानवीय विकासमा मद्दत हुनेगरी प्रवर्द्धन गर्नुपर्छ ।

